# स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

(खण्ड ९) भिमाद कार्तिक १४ गते, २०८२ साल (संख्या ५)


## भाग २

## भिमाद नगरपालिकाको सूचना ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि,२०८२

दुध उत्पादनमा संलग्न कृषकहरुलाई दुध उत्पादनमा आधारित प्रोत्साहनको माध्यमबाट प्रोत्साहन गरी दुधको उत्पादन र उत्पादकत्व बढाई भिमाद नगरपालिकालाई दुधमा आत्मनिर्भर बनाउने उद्देश्यले दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी र पारदर्शी ढङ्गबाट सञ्चालन गर्न वाञ्छनीय भएकोले,

भिमाद नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यो कार्यविधिको नाम **"दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि भिमाद नगरपालिका ,नगरकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"नगर प्रमुख"** भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ख) **"नगर उपप्रमुख"** भन्नाले नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले भिमाद नगरकार्यपालिका सम्झनुपर्छ ।

(घ) **"नगरपालिका"** भन्नाले भिमाद नगरपालिकालाई सम्झनुपर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) **"वडा"** भन्नाले नगरपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(छ) **"शाखा"** भन्नाले भिमाद नगरपालिकाको (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम गठन भएको पशु सेवा शाखा सम्झनु पर्नेछ ।

(ज) **"कार्यक्रम"** भन्नाले नगरपालिकाको सालबसाली विनियोजन ऐनमा उल्लेखित दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई जनाउँनेछ ।

(झ) **"प्रोत्साहन "** भन्नाले दुधमा दिइने प्रोत्साहन रकमलाई सम्झनुपर्छ ।

(ञ) **"कार्यविधि"** भन्नाले दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ सम्झनु पर्नेछ।

(ट) **"मूल्याङ्कन समिति"** भन्नाले दफा १२ को उपदफा (१) वमोजिमको मूल्याङ्कन समितलाई सम्झनुपर्छ ।

(ठ) **"समिति"** भन्नाले कार्यविधिको दफा १३ को उपदफा (१) वमोजिमको प्रोत्साहन कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिलाई सम्झनुपर्छ ।

(ड) **"सहकारी संस्था"** भन्नाले दुध सङ्कलन प्रशोधन र वितरण कार्यमा संलग्न बहुउद्देश्यीय सहकारी, साना किसान कृषि सहकारी र कृषि सहकारी संस्था समेतलाई जनाउनेछ ।

(ढ) **"समूह"** भन्नाले दुध सङ्कन गरी बिक्री गर्ने कृषक समूह सम्झनुपर्छ।

(ण) **"संस्था"** भन्नाले दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा यस कार्यविधि बमोजिम छनोट भएको कृषि सहकारी वा समूहलाई जनाउनेछ ।

## परिच्छेद -२
## संस्था छनोट सम्बन्धी व्यवस्था

३. <u>**प्रस्ताव आव्हानः**</u> (१) नगरपालिकाभित्र संञ्चालनमा रहेका दुध तथा दुग्धजन्य पदार्थ सङ्कलन तथा बिक्री गर्दै आइरहेका सहकारी संस्था तथा कृषक समूहहरुलाई दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको लागि १५ (पन्ध्र) दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरिनेछ ।

(२)उप दफा (१) बमोजिमको सूचना अनुसूची-१ ढाँचा अनुसार हुनेछ ।

४. <u>**प्रस्ताव दर्ताः**</u> (१) यस कार्यक्रममा सम्मिलित हुन कार्यविधिको दफा ८ बमोजिम मापदण्ड पुरा गरेका इच्छुक संस्थाले तोकिएको म्यादभित्र अनुसूची -३ बमोजिमको प्रस्ताव अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन नगर कार्यपालिकाको कार्यालयमा पेस गर्नुपर्नेछ ।

(२) दफा ३ बमोजिमको म्याद भित्र कम्तीमा ३ वटा प्रस्ताव पेस नभएमा पुन: ७ दिनको समयावधि राखी सूचना प्रकाशन गरी प्रस्ताव माग गरिनेछ । यसरी पुन: प्रस्ताव माग गर्दा ३ भन्दा कम प्रस्ताव पेस भए पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन ।

५. <u>**प्रस्तावको मूल्याङ्कनः**</u> (१) नगरपालिकामा पेस हुन आएका प्रस्तावहरु दफा १२ को उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिले अनुसूची- ४ बमोजिम मूल्याङ्कन गरी उच्चतम अङ्क प्राप्त गर्ने प्रस्तावकलाई छनोट गर्न प्रोत्साहन कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति समक्ष सिफारिस गर्नेछ ।मूल्याङ्कन समितिको सिफारिस बमोजिम समितिले प्रस्ताव स्वीकृत गर्नेछ ।

(२) प्रस्ताव मूल्याङ्कन गर्दा कुनै पनि प्रस्तावकले ४० अङ्क प्राप्त गर्न नसकेमा पुनः ७ दिनको म्याद दिइ सूचना प्रकाशन गरिनेछ ।

६. **<u>प्रस्तावको जानकारीः</u>** प्रस्ताव स्वीकृत भए पश्चात त्यसको जानकारी र प्रस्ताव छनोट सम्बन्धमा चित्त नवुझेमा सो सम्वन्धमा निवेदन दिन प्रस्तावकहरुलाई ७ दिनको समय दिइ सूचना प्रकाशन गर्नुपर्नेछ।

७. **<u>सम्झौताः</u> (१)** छनोट भएका संस्थासंस्थालाई सम्झौता गर्न आउन ७ दिनभित्रको समयावधि दिई जानकारी दिनुपर्नेछ ।

**(२)** उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न आउने संस्थासँग नगरपालिकाले अनुसूची - ५ बमोजिम सम्झौता गर्नुपर्नेछ ।

**(३)** उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएको खण्डमा मूल्याङ्कनमा दोस्रो स्थानमा रहेको संस्थासँग सम्झौता गर्न बाधा पुगेको मानिने छैन ।

८. **<u>संस्था छनोट</u> <u>मापदण्ड :</u>** (१) यस कार्यविधि बमोजिम छनोट हुने संस्थाले देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) संस्थाको सदस्य संख्या कम्तीमा ५० जना आवद्ध भएको,

(ख) संस्थाले दैनिक कम्तिमा १०० लिटरको दरले नियमित दुधको कारोवार गरेको,

(ग) दैनिक सङ्कलित दुध संस्था आफैले प्रशोधन गरी वा उद्योगलाई बिक्री गरी दुध तथा दुग्धजन्य पद्धार्थको बेचबिखनको प्रबन्ध गरेको,

(घ) नियमित रुपमा साधारण सभा सम्पन्न गरेको,

(ङ) सहकारी संस्थाको हकमा सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (COPOMIS) मा सदस्यता प्रविष्ट भएको,

(च) कर चुक्ता प्रमाणपत्र भएको,

(छ) समूह/सहकारीले कारोवार गर्ने गरेको दुधको गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनुपर्नेछ, जसको लागि भैसीको दुधको लागी न्यूनतम FAT – ५%, SNF – ८% हुनुपर्नेछ र गाईको दुधको लागी FAT – ३.५%, SNF – ७.५% हुनुपर्नेछ साथै पानीको मात्रा ०% हुनुपर्नेछ,

(ज) नगरपालिकामा कुनै पनि कर बक्यौता नरहेको,

(झ) सम्बन्धित संस्था आफुमा आवद्ध भएका कृषकहरूलाई प्रोत्साहन रकम वितरणको मापदण्ड तर्जुमा गरेको,

(ञ) संस्थाले कारोवारको विवरण अद्यावधिक गरेको ।

# परिच्छेद - ३

## <u>प्रोत्साहन सम्बन्धी व्यावस्था</u>

९. **<u>प्रोत्साहन रकमः</u>** भिमाद नगरपालिकाको विनियोजित बजेटको अधिनमा रही संस्थामा आवद्ध कृषकहरुले बिक्री गरेको दुधको परिमाणमा प्रतिलिटर रू. १० (दश) का दरले प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

१०. **<u>भुक्तानीको माग गर्न पेस गर्नुपर्ने कागजातः</u>** संस्थाले प्रोत्साहन रकम दाबी गर्दा देहायका कागजात नगर कार्यपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ।

(क) प्रोत्साहन रकम प्राप्त गर्ने कृषकहरुको सूची,

(ख) कृषकहरुसंग संस्थाले खरिद गरको दुधको परिमाण,

(ग) खरिद गरेको दुधमा संस्थाले कृषकलाई भुक्तानी गरेको मासिक जम्मा रकम,

(घ) प्रोत्साहन रकम दाबी गर्ने सम्बन्धमा सन्चालक समितिले गरेको निर्णयको प्रतिलिपि सहितको पत्र,

(ङ) तोकिए बमोजिमका अन्य कागजातहरु।

११.**चौमासिक रुपमा प्रोत्साहन रकम उपलब्ध गराउने**: (१)सम्झौतापछि छनोट भएका संस्थालाई विनियोजित बजेटको परिधिभित्र रही चौमासिक रुपमा भुक्तानी माग गरेको कागजातको आधारमा संस्थाको बैंक खातामा एकमुष्ठ प्रोत्साहन रकम उपलब्ध गराइने छ ।

(२) उपदफा (१) बमोजिम भिमाद नगरपालिकाबाट उपलब्ध प्रोत्साहन रकम सम्बन्धित कृषकको बैंक वा वित्तीय संस्थामा रहेको खातामा जम्मा गरेको प्रमाण सहितको पूर्ण विवरण नगरपालिकामा रकम उपलब्ध गराएको १५ दिनभित्र पेस गर्नु पर्नेछ ।

## परिच्छेद -४

## संस्थागत व्यवस्था

१२. **मूल्याङ्कन समिति-** (१) दफा ४ वमोजिम दर्ता हुन आएका प्रस्तावको मूल्याङ्कन गर्न देहाय वमोजिमको मूल्याङ्कन समिति हुनेछः

(क)प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -संयोजक

(ख)आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग)आर्थिक विकास शाखा प्रमुख - सदस्य

(घ)कृषि विकास शाखा प्रमुख - सदस्य

(ङ)पशु सेवा शाखा प्रमुख - सदस्य -सचिव

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिले स्थलगत अनुगमन गरी दफा ८ अनुसारको मापदण्ड र अनुसूची- ४ बमोजिम उल्लेखित सूचकको आधारमा मूल्याङ्कन गरी योग्यता क्रमको सूची तयार पारी समिति समक्ष सिफरिस गर्नेछ ।

(३) अधिकृतस्तरको पशु सेवा शाखा प्रमुख नभएको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले कार्यालयको अन्य अधिकृतलाई सदस्य सचिवको रुपमा कामकाज गर्न तोक्नेछ ।

१३.**कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिः** (१) भिमाद नगरपालिकाको दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम व्यवस्थापन गर्न लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति रहने छ :-

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक विकास समिति संयोजक - सदस्य

(ङ) आर्थिक विकास शाखा प्रमुख - सदस्य

(च) कृषि विकास शाखा प्रमुख - सदस्य

(छ) पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

(२) कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम सञ्चालन गर्न संस्था छनोट गर्ने,

(ख) संस्था छनोट गर्न मापदण्ड तोक्ने

(ग) संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिने ।

(घ) दुधको मूल्य निर्धारण गर्ने ।

(ङ) कार्यक्रम सञ्चालन गर्न नीतिगत निर्णयहरु गर्ने ।

## परिच्छेद - ५

## विविध

१४.**कारवाही गरिनेः** भिमाद नगरपालिकाबाट प्राप्त प्रोत्साहन रकम सम्बन्धित कृषकलाई नदिई दुरुपयोग गरेको पाइएमा सम्बन्धित संस्थाबाट असुल उपर गरी प्रचलित कानून बमोजिम कारवाही गरिने छ ।

१५. **प्रचलित कानुन बमोजिम हुनेः-** यस कार्यविधिमा उल्लेख गरिएका विषय यसै कार्यविधि बमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

१६.**कार्यविधिको व्याख्याः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरकार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

१७.**संशोधनः** यस कार्यविधि संशोधन गर्ने अधिकार नगर कार्यपालिकामा निहीत रहनेछ ।

## अनुसूची–१

दफा ३ को उपदफा (२) संग सम्बन्धित

## दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

**प्रकाशित मिति**

भिमाद नगरपालिकाको आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम** सञ्चालन गर्नुपर्ने भएकोले **"दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२"** को दफा ९ बमोजिम मापदण्ड पूरा गरेका दुध सङ्कलन, प्रशोधन र वितरण कार्यमा संलग्न कृषक समूह वा सहकारी संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तपसिलका कागजात सहित निवेदन भिमाद नगरकार्यपालिकाको कार्यालयमा पेस गर्नु हुन सम्बन्धित सबैका लागी यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

(क) निवेदन (अनुसूची -२ बमोजिम ),
(ख) कृषक समूह / सहकारी दर्ता /PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,
(ग) कर चुक्ता प्रमाणपत्र प्रतिलिपि,
(घ) लेखापरीक्षण प्रतिवेदन (साधारणसभाबाट स्वीकृत भएको ),
(ङ) वार्षिक साधारण सभाको निर्णय प्रतिलिपी,
(च) सम्बन्धित वडाको सिफारिस पत्र ।

**द्रष्टब्यः-** अनुसूचीहरु भिमाद नगरपालिका पशु सेवा शाखाबाट प्राप्त गर्न सकिने छ ।

## अनुसूची–२

दफा ४ को उपदफा (१) संग सम्बन्धित

## संस्थाले पेस गर्ने निवेदनको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
भिमाद नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
भिमाद, तनहुँ ।

विषयः दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको प्रस्ताव पेस गरेको ।

महोदय,

प्रस्तुत विषयमा कार्यालयको मिति ........./......../....... मा प्रकाशित सूचना अनुसार यस दुग्ध उत्पादक सहकारी संस्था लि./कृषक समूहले सूचनामा उल्लेखित कार्यक्रममा समावेश हुने चाहेकोले सो प्रयोजनका लागि प्रस्ताव यसै निवेदनसाथ पेस गरेका छौं ।

प्रस्ताव पेस गर्ने सहकारी संस्था/कृषि समूहको

नाम :

संस्थाको छाप

दस्तखत :

नामः

पद :

मितिः

**अनुसूची–३**

दफा ४ को उपदफा (१) संग सम्बन्धित

१) कार्यक्रमको नाम :

२) प्रस्ताव पेस गर्ने संस्थाको नाम :

३) संस्थाको संक्षिप्त परिचय:

४) कूल सदस्य संख्याः .................

५) गत वर्षको कूल दुध सङ्कलन लिः (औषत दैनिक ....... लि., मासिक....... लि. र वार्षिक ....... लि.)

६) गत महिना कूल दुध सङ्कलन लिः (औषत दैनिक ....... लि.,)

७) गत वर्षको न्यूनतम दुध सङ्कलनः ....... महिना, .परिमाण............ लि

८) संस्थाबाट सङ्कलित दुध बिक्री गरिने संस्था वा संस्थान वा आयोजनाको नाम र ठेगानाः

९) प्रविधिको प्रयोग

(क) मिल्क एनालाईजरको प्रयोग भएको/नभएको:

(ख) डिजिटल चिलिङ्गभ्याट् प्रयोग भएको/नभएको:

(ग) Stainless Steel Milkcan प्रयोग भएको/नभएको:

(घ) जेनेरेटर प्रयोग भएको/नभएको :

१०) वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाणः

११) जम्मा सङ्कलन केन्द्र संख्याः..............

१२) रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएकोः..............

१३) दुधको गुणस्तर परिक्षण गरी रेकर्ड राख्ने/जानकारी दिने गरेको/नगरेकोः ..............

१४) दुध विविधिकरण र बिक्री वितरण गरेको/नगरेकोः..............

क) गरेको भए कुन/कुन पदार्थ बनाउने गरिन्छ ..............(ख) दैनिक औषत परिमाण ............

ग) बिक्री गर्ने बजार/ स्थल ............

१५) संस्था दर्ता/नविकरणको प्रमाण पत्रः..............

१६) सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (COPOMIS)मा सदस्यता प्रविष्ठ भएको वा नभएको:

१७) कुनै प्रकारको कर वक्यौता भएको वा नभएको:

१८) वार्षिक लेखापरीक्षण गरेको वा नगरेको:

१९) कुनै प्रकारको कारवाही नपरेको बारेको स्वःघोषणाः..............

२०) कर चुक्ता प्रमाण पत्र

२१) वडाको सिफारिसः

२२) प्रोत्साहन रकम कृषकलाई वितरण गर्न संस्थाले तयार गरेको मापदण्डः

प्रस्ताव पेस गर्ने संस्थाको

नाम :

संस्थाको छाप

दस्तखत :

पदः

**अनुसूची- ४**

**दफा ५ को उपदफा (१) सँग सम्बन्धित**

**संस्थाको छनोटका आधारहरू**

| क्र. सं | आवेदक संस्थाको नाम | ठेगाना | सरसफाई (७) | दुग्ध उत्पादक कृषक सदस्य सङ्ख्या (२०) | दैनिक दुध सङ्कलन र प्रशोधन गरेको परिमाण लिटर (२५) | कार्य क्षेत्र (१८) | प्रविधिको प्रयोग (२०) | अभिलेख व्यवस्थापन (१०) | कुल प्राप्तांक (१०० ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |
| ४. | | | | | | | | | | |
| ५ | | | | | | | | | | |

**द्रष्ट्व्यः**

क) ५० जना सम्म सदस्य सङ्ख्या हुने संस्थालाई १५ अंक र ५० जना भन्दा बढी सदस्य सङ्ख्या हुने संस्थालाई २० अङ्क प्रदान गरिनेछ ।

ख) दैनिक औषत कम्तिमा १०० लिटर दुध सङ्कलन गर्ने सहकारीलाई २० अङ्क र १०० लिटर देखि माथि दुध सङ्कलन गर्ने सहकारी संस्थालाई २५ अङ्क प्रदान गरिनेछ ।

ग) नगरपालिका भरी कार्यक्षेत्र भएमा १८ अंक सो बाहेकका वडा संख्या अनुसार दामाशाहीले अंक वितरण गरिनेछ ।

घ) प्रविधि अन्तर्गत डिजिटल चिलिङ्गभ्याट् १० अङ्क, एनालाईजर ५ अङ्क, Stainless Steel Milkcan ३ अङ्क र जेनेरेटर २ अङ्क प्रदान गरिनेछ ।

**अनुसूची -५**
**दफा ७ को उपदफा (२) सँग सम्बन्धित**
**नगरपालिका र दुग्ध उत्पादक संस्था बिच सम्झौताको ढाँचा**

भिमाद नगरपालिका, यसपछि प्रथम पक्ष भनिने र ....................................................................कृषि समूह/सहकारी संस्था (यसपछि दोस्रो पक्ष भनिने) बिच **दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम**मा तपसिलका शर्तहरू पालना गर्ने गराउने गरी यो द्विपक्षिय सम्झौता गरिएको छ ।

**तपसिल**

१. दोस्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरूलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरिरहेको अवस्थाको अखाद्य दुध बिक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सूरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा दुधको उत्पादन, ढुवानी लगायतका गुणस्तर, फ्याट, एस.एन.एफ. र अन्य मापदण्ड पुरा गर्न लगाउने, सुधारिएको गोठको व्यवस्था मिलाउने लगायतका कार्यहरू गर्नुपर्नेछ ।

२. दोस्रो पक्षले उत्पादन स्थलदेखि आफुले बिक्री गर्ने स्थानसम्म सफा, स्वस्थ्य र गुणस्तरयुक्त दुधको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ ।

३. दोस्रो पक्षले आफुमा आवद्ध भएका कृषकहरूलाई छनोटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरूको विवरण प्रथम पक्षलाई पेस गर्नुपर्नेछ ।

४. दोस्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी प्रचलित कानून बमोजिम प्रोत्साहन रकम असुल उपर गर्न सक्नेछ ।तर सम्झौता भंग गर्नुपुर्व स्पष्टिकरणको मौका दिइने छ ।

५. दोस्रो पक्षले आफ्नो संस्थामा दुधको कारोवार गर्ने कृषकहरुसंग कवुलियतनामा गरी सो कवुलियतनामा संस्थामा कृषकले वार्षिक कारोवार गर्ने दुधको परिमाण लगायतका अन्य सर्तहरु तोक्नुपर्नेछ ।

६. दोस्रो पक्षले कृषकसंग खरिद गरेको दुधको परिमाण अनिवार्य कृषकको व्यक्तिगत लकवुक खडा गरी सोमा अभिलेख गरी जिम्मेवारी अधिकारीले प्रमाणीत गर्नुपर्नेछ ।

७. दोस्रो पक्षलाई प्रथम पक्षले बैंक खातामा प्रत्येक चौमासिक अवधिमा स्वीकृत भए अनुसारको प्रोत्साहन रकम जम्मा गरिदिने छ ।साझेदार संस्थाले नगरपालिकावाट प्राप्त प्रोत्साहन रकम सात दिनभित्र कृषकहरुको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

८. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. अन्य सर्तहरु कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले तोके बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरू पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| **दोस्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |
| <u>रोहवर</u> | <u>रोहवर</u> |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

इति सम्बत् ...... साल ....... महिना ......गते रोज ......

आज्ञाले
कमल प्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रू. २५।-**